# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, पौष महिना १२ गते २०७५ साल (अतिरिक्ताङ्क २८**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०७५ सालको नीति नं. १९

### नीतिको नाम : तिलोत्तमा नगरपालिकाको कृषि नीति, २०७५

**प्रस्तावना :** नेपालको संबिधानले मौलिक हकको रूपमा प्रत्येक नागरिकलाई खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको सुनिश्चितता गरेको छ । कृषि क्षेत्रलाई देशको आर्थिक मेरुदण्डको रुपमा लिईन्छ । मूलुकको कूल गार्हस्थ्य उत्पादनको झण्डै एक तिहाई हिस्सा कृषि क्षेत्रले ओगटेको छ र दुई तिहाई जनसंख्या यस क्षेत्रमा प्रत्यक्ष रुपमा आश्रीत रहेका छन् । विकासका अन्य क्षेत्र तथा समग्र अर्थतन्त्रको बृद्धि कृषिको प्रदर्शनिमा निर्भर रहने गर्दछ । बिभिन्न समयमा राज्यबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरू (जस्तैः आर्थिक उदारीकरण नीति, विश्व व्यापार संगठन सम्झौता, क्षेत्रीय संगठनहरूमा गरिएका बाचा, दीगो विकासका एजेण्डामा एकेबद्धता, सहश्राब्दी विकास लक्ष्य, राष्ट्रिय कृषि नीति, कृषि विकास रणनीति आदि) लगायतले कृषिको माध्यमबाट आर्थिक समृद्धिमा टेवा पुर्याउने लक्ष्य लिएका छन् । बिशिष्ट प्रकृतिको धरातलीय स्वरुप

भएको नेपाल समुद्र सतहबाट ५९ मीटरको उचाईं देखि बिश्वको सर्वोच्च शिखर सगरमाथा सम्म फैलिएको छ र बिबिध हावापानीले प्रदान गरेको बिशिष्ट अवसरले मूलुकमा अनेकौं प्रकारका कृषिबाली उत्पादन तथा पशुपालन गर्न सकिन्छ ।
जलवायुको हिसावले तिलोत्तमा नगरपालिका उपोष्ण हावापानीको क्षेत्र मानिन्छ । यस नगरपालिकामा मुख्य गरी खाद्यान्न, फलफूल, पुष्प, तरकारी, पशुपन्छि पालन, जडीबुटि जस्ता कृषिजन्य बाली बस्तु उत्पादन गर्न सकिन्छ । कृषि क्षेत्र बिशेष रुपमा उद्योगका लागि कच्चा पदार्थको श्रोत, निर्यातको मूख्य श्रोत, रोजगारीका अवसरहरुको श्रृजना जस्ता महत्व बोकेको क्षेत्र मानिन्छ । नगरको आर्थिक समृद्धि, खाद्य सुरक्षा, जीविकोपार्जन तथा रोजगारीको प्रमुख क्षेत्रको रुपमा कृषिलाई अंगाल्दै यसको आधुनिकीकरण तथा व्यवसायिकरण गर्न आवश्यक रहेको छ । नगरपालिकामा हाल शहरीकरणको चाप बढ्दै गईराखेको र भविष्यमा यो क्रम बढ्दो छ । तीव्र बसाईं सराइ, खेती योग्य भूमीको खण्डीकरण, खेती योग्य भूमी गैर कृषि क्षेत्रमा रुपान्त्रण, युवा पलायन, कृषि कार्य जनजिविकाको परिपूर्ती भन्दा माथि उठ्न नसक्नु, उत्पादन लागत बढ्दै जानु, गुणस्तरीय मल, बीउ, बिषादीको अभाव, उपयुक्त सिंचाई प्रबिधिको असुबिधा, कृषि औजार उपकरणको अभाव, कृषकले उत्पादित बस्तुको उचित बजार तथा मूल्य नपाउनु, कृषि प्रबिधिकहरुको कमी, कृषिमा कम लगानी आदिजस्ता कारणहरु कृषि विकासका बाधक बनेर उभिइरहेका छन् । यिनै कुरालाई सम्बोधन गर्न कृषि विकासमा नगरपालिकाले छुट्टै नीति अवलम्बन गरी कृषिजन्य बाली बस्तुमा नगरपालिकालाई आत्मनिर्भर बनाउने र विदेशिएका युवालाई समेत यस क्षेत्रमा आकर्षण गरि रोजगारी श्रृजना प्रदान गर्ने बृहत उद्येश्य लिएको छ ।

**<u>औचित्य</u>**

सबै हक अधिकारहरूको आधारभूत हक मौलिक हक हो र खाद्य सुरक्षालाई मौलिक हकको रूपमा स्वीकार पश्चात यसको सशक्त कार्यान्वयन हुनु जरूरी छ । नगरपालिका भित्र कृषि पेशा अधिकांश नगरवासीको जिविकोपार्जन, रोजगारी तथा आयआर्जनको प्रमुख क्षेत्रको रूपमा रहेको छ । यसलाई खाद्यान्न उत्पादनको प्रमुख क्षेत्र, व्याप्त गरिवी निवारण गर्ने, रोजगारी श्रृजना गर्ने, उद्योगको लागि कच्चा पदार्थको श्रोत, निर्यातको प्रमुख श्रोत आदिका रुपमा समेत नगरपालिकाले लिएको छ । उर्वर कृषि भूमि गैर-कृषि कार्यका लागि प्रयोग, भूमिको व्यापक

खण्डिकरण, खेती योग्य जमिनको उर्वराशक्तिमा ह्रास, श्रमजीवि युवा यस क्षेत्रमा आकर्षित नहुनु र बिदेश पलायन हुनु, भूमिमा बास्तविक कृषकको स्वामित्व तथा पहुँच स्थापित नहुनु, उत्पादनका आधुनिक तथा व्यवसायिक सामाग्रीमा अपेक्षित बृद्धि नहुनु, उत्पादन लागत बढ्दै जानु, उत्पादित बस्तुले उपयुक्त मूल्य तथा बजार नपाउनु, कृषि विकासका भैतिक पूर्वाधारहरू (जस्तैः बिजुली, सडक, भण्डार गृह, सिंचाइ, बजार पूर्वाधार, उद्योग आदि) ग्रामीण क्षेत्र सम्म सहज पहुँचमा नहुनु, नीजि क्षेत्र ठूला योजनाका साथ अगाडी नआउनु, कृषि कर्जा प्रवाहमा सहजता नहुनु तथा कृषि बीमाको झन्झटिलो भुक्तानी प्रकृया, उत्पादनको प्राथमिक क्षेत्रले संरक्षण नपाउनु जस्ता बिद्यमान समस्याहरू अझै पनि चुनौतीका रुपमा रहेका छन् । तर पनि उपलब्ध बैज्ञानिक प्रबिधि, अपार प्राकृतिक श्रोत साधन, बढ्दो सुबिधा सम्पन्न भौतिक पूर्वाधारहरूको विकास, नगरको कृषि विकास प्रति तिब्र इच्छाशक्ति, उन्नत प्रविधिको विकास, कृषि कर्जा तथा बीमाको विस्तारले अझैपनि कृषि विकासको माध्यमबाट समृद्धिको संभावना प्रसस्त रहेको भन्ने सन्देश प्रवाह हुन्छ । यसरी भएका चुनौतीहरुलाई अवसरमा रुपान्तरण गरी आगामी दिनमा अग्रसर भएर अघि बढ्नाले यस तिलोत्तमा नगरपालिकाले नगर कृषि विकासको परिकल्पनालाई सार्थक तुल्याउन सकिने भएकाले तिलोत्तमा नगरपालिकाको नगर कृषि नीति, २०७५ कार्यान्वयनमा ल्याईएको छ ।

**दृष्टिकोण**

खाद्य सुरक्षा, वातावरण सन्तुलन तथा आर्थिक सम्पन्नता ।

**उद्देश्य**

सीमित साधनश्रोत, बढ्दो जनसंख्या, अव्यवस्थित एबम् तीब्र सहरीकरण, बातावरण असन्तुलन, ब्याप्त गरीवी, बढ्दो जनशक्ति पलायन, उत्पादित कृषि बस्तुको बढ्दो लागत, कृषिजन्य बस्तुको बजार तथा अन्य पूर्वाधारहरूको समस्या लगायतका कुरालाई सम्बोधन गरी कृषिमा बैज्ञानिकीकरण, आधुनिकीकरण तथा व्यवसायिकरण गरि आत्मनिर्भर, खाद्य सुरक्षाको सुनिश्चितता, गरीवी निवारण, रोजगारी श्रृजना गर्दै यस क्षेत्रको रूपान्त्रण गर्ने बृहत उद्येश्य रहेको छ । निर्दिष्ट लक्ष्यहरूमाः

१. कृषिको आधुनिकीकरण तथा व्यवसायिकरणको माध्यमबाट बाली/बस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।
२. उत्पादित बस्तुको बजारीकरणमा सहयोग पुर्याउने ।

३. कृषिमा आधारित रोजगारीका अवसरहरु बृद्धि गर्ने ।

४. प्राकृतिक श्रोत, वातावरण, मानब तथा विकाससँगको सम्बन्ध दिगो तथा सुमधुर राख्ने ।

५. क्षेत्रीय तथा राष्ट्रिय स्तरमा बिशेष कृषि उत्पादन क्षेत्रको रूपमा नगरपालिकाको पहिचान गराउने ।

<u>कार्य-नीतिहरू</u>

**१. कृषि जन्य बाली तथा बस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु ।**

क) मुख्य खाद्यान्न बाली, तरकारी, फलफूल, फूल, माछा, दुध, मासु, अण्डा लगायतका कृषि जन्य बाली बस्तुको पकेट क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गरिनेछ ।

ख) आधुनिक तथा नविनतम कृषि औजार, उपकरण, मेशीनरीको प्रयोगलाई प्राथमिकताका दिईनेछ र थप आयआर्जका निमित्त उपलब्ध जनशक्तिलाई आकर्षण गरिनेछ ।

ग) बैज्ञानिक भू-उपयोग प्रणालीको सिद्धान्तलाई आत्मसाथ गर्दै जमिनलाई कृषि तथा गैर कृषि प्रयोजनका आधारमा बिभाजन गरी उर्वरा भूमिलाई गैर कृषि प्रयोजनका लागि उपयोगमा ल्याउन निरूत्साहित गरिनेछ । बाँझो जमिनमा नगरपालिकाले भूमिहीन किसान, अल्प समुदाय, लक्षित बर्ग वा अन्य बिपन्न कृषकलाई खेती करारनामा गरी करार खेतीको अवधारणाको विकास गरिनेछ । सरकारी जग्गामा चक्लाबन्दी गरी नमूना फार्महरु संचालन गरिनेछ ।

घ) उत्पादित कृषि बस्तुको सहज प्रवाहको लागि कृषि सडकको स्तरोन्नती गरिनेछ र त्यस्ता सडकको छेउछाउ बस्ती बस्न निरूत्साहित गरिनेछ ।

ङ) भूगोल सुहाउँदो उपयुक्त कृषि प्रविधिको अनुसन्धान, विकास तथा प्रसार गरिनेछ र त्यसका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरिनेछ ।

च) नगरपालिका क्षेत्रका छरिएर रहेका तथा बहु स्वामित्वमा रहेका मिल्दो कृषि योग्य जमिनलाई चक्लाबन्दीको अवधारणामा एकीतृत गरी कृषि बाली बस्तु उत्पादनमा प्राथमिकता दिईनेछ । यस्ता बाली पकेट

क्षेत्रहरुमा उत्पादनका साधन श्रोतहरु बिशेष रुपमा परिचालनको नीति अवलम्बन गरिनेछ ।

छ) सिंचाईलाई कृषि उत्पादन तथा उत्पादकत्व संग जोडनको लागि बिशेष कृषि बाली पकेट क्षेत्रमा प्राथमिकता दिइनेछ ।

ज) कृषि कार्यक्रमहरू प्रभावकारी रूपले अगाडि बढाउनको लागि कृषि समूह तथा कृषि सहकारीलाई प्रोत्सहान गरिनेछ । कृषि योजना तर्जमा, कार्यान्वयन तथा अनुगमन कार्यमा समेत उनीहरूको क्षमता विकास तथा जिम्मेबारी तोकीनेछ ।

झ) सबै वडामा कृषक उधमी, कृषक समूह, कृषक सहकारी तथा अन्य सरोकारवाला संलग्न कम्तिमा एक **वडा स्तरीय कृषि संजाल** गठन गरिनेछ । नगर स्तरमा वडा संजालहरूलाई एकीकृत गरी प्रत्येक वडाको प्रतिनिधि सहभागी हुनेगरी **नगर कृषि संजाल** गठन गरिने छ । गठित कृषि संजालले वडा तथा नगर स्तरमा कृषिको तथ्याङ्क संकलन, कार्यक्रम योजान तर्जुमा, कृषि कार्यक्रम संचालन लगायत कस्टम हायरिङ्ग सेन्टर, पोष्ट हार्भेष्ट सेन्टर, श्रोत केन्द्र ल्याव, सीड बैंक, बधशाला निर्माण, दुध संकलन तथा चिस्यान केन्द्र आदि जस्ता ठूला पूर्वाधारहरू स्थापना, संचालन तथा संरक्षण गर्नेछ ।

ञ) नगरपालिका भित्र संचालनमा रहेका कृषि क्षेत्र हेर्ने बिभिन्न गैर सरकारी संस्था/ अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूलाई नियमन गरिनेछ । बिना स्वीकृत यस्ता संस्थामार्फत कार्यक्रम संचालन गरिने छैन ।

ट) व्यवसायिक कृषकलाई कृषि कर्जा तथा कृषि बीमाका लागि सहजीकरण गरिनेछ र संभावनाको आधारमा कृषकले बैंक तथा बीमा कम्पनीमा तिर्नुपर्ने निश्चित रकम नगरपालिकाबाट समेत सहयोग हुने नीति अवलम्बन गरिनेछ । सम्भावनाको आधारमा सबैं कृषकलाई बीमा गर्न प्रोत्साहान गरिनेछ साथै संभावनाका आधारमा सबै अनुदानका कार्यक्रममा बीमा गरिनेछ ।

ठ) कृषकलाई समयानुकूल ज्ञान, सीप तथा क्षमता विकासको लागि निःशुल्क तालिमको व्यवस्था मिलाइनेछ । त्यस्तो तालिम प्राप्त गरिसकेपछि अनिवार्य रूपमा कृषि व्यवसाय गर्न कवुल गराइनेछ ।

व्यवसायिक कृषकलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिमको अवसर समेत प्रदान गरिनेछ ।

ड) बगर तथा बाँझो खेतीयोग्य जमिनमा सम्भावनाको आधारमा कृषि बाली उत्पादन, घाँस खेती, फलफूल खेती वा अन्य नविनतम कृषि प्रणालीको माध्यमबाट आयआर्जन गर्न प्राथमिकता दिईनेछ ।

ढ) साना कृषकहरुलाई बिशेष खालका कृषि विकास कार्यक्रम मार्फत संबोधन गरिनेछ । पाँच कठ्ठा भन्दा थोरै जमिन भएकालाई साना कृषकको रुपमा बर्गीकरण गरिनेछ ।

ण) प्रतिस्पर्धात्मक अनुदान प्रणालीलाई आत्मसाथ गरिनेछ ।

त) ठूला कृषकहरुको हकमा मूल्य सृङ्खला विकासका प्रत्येक अवयवहरुमा सहयोग पुग्ने कृयाकलापमा जोड दिईनेछ ।

थ) पशु स्वास्थ्य कार्यक्रममा बिशेष जोड दिई स्वस्थ पशु तथा पशुजन्य बस्तु उत्पादनमा जोड दिईनेछ ।

द) दीघो कृषि उत्पादन प्रणालीमा सहयोग गरी कृषकहरुलाई बातावरण अनुकुलन हुने प्रविधि अवलम्वन गर्न प्रेरित गरिनेछ ।

२. **उत्पादित बस्तुको बजारीकरणमा सहयोग पुर्याउनु ।**

क) प्रमुख उत्पादनका साधनहरू जस्तै उन्नत बीउ, मलखाद, बिषादी, उन्नत पशु नश्ल, चल्ला, माछा भुरा, पशुआहारा आदिको आयात, उत्पादन तथा मौजुदा स्थितिको नियमित अनुगमन गरी आपूर्ती सुनिश्चितता गरिनेछ ।

ख) कृषि बस्तु मूल्य श्रृङखलाका सबै सहजकर्ताहरूलाई चलायमान बनाई उत्पादित बस्तुको बहन सहज तथा प्रभावबारी बनाउने उद्धेश्यका लागि नीजि-सरकारी-सहकारी साझेदारी अवधारणा अपनाइनेछ ।

ग) प्राङ्गारिक कृषि उन्मुख खेती प्रणालीमा जोड दिइनेछ । उत्पादित बस्तुको प्रमाणीकरण तथा बान्डिङ्गमा सहजीकरण गरिनेछ । यसका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

घ) कृषि बजार सूचना प्रणालीको विकास एबं विस्तार गरिनेछ । सबै कृषि जन्य बस्तुको मूल्य सूची तयार पारी एप्स मार्फत जानकारी दिईनेछ । बजार सूचनालाई डिजिटाईज गरी स्मार्ट बजार प्रणालीको अवधारणामा विकास गरिनेछ ।

ङ) कृषि हाट बजारको विस्तार गरिनुका साथै बजारलाई सुविधा सम्पन्न बनाईनेछ । कृषि हाट बजारबाट नगरपालिकाले व्यवसायी मार्फत उठाउने करबाट कम्तिमा २५ प्रतिशत सोही बजार व्यवस्थापनमा लगानी गरिनेछ ।स्थानीय कृषकहरूलाई सहकारी मार्फत आफूले उत्पादन गरेका कृषि सामाग्री बिक्री गर्न प्रोत्सहान गरिनेछ । शीतघर, भण्डारण घर जस्ता बजार पूर्वाधार विकासमा अनुदानको व्यवस्था मिलाइनेछ ।

च) नगर स्तरीय थोक फलफूल, तरकारी, माछा तथा चौपाय बजार साथै ठूला कृषि मार्टहरू स्थापना गरिनेछ । यस बजारको अन्य क्षेत्रीय बजारसंग सम्बन्ध स्थापनामा बिशेष जोड दिईनेछ ।

छ) बजारमा बिक्री हुने कृषि जन्य खाद्यान्न, फलफूल, तरकारी, माछा, मासु, अण्डा, च्याउ, मलबाद, बीउ, नश्ल, माछा भुरा, बिषादी, पशु आहारा लगायतका उत्पादित बस्तु तथा उत्पादन सामाग्रीको गुणस्तर नियमन गरिनेछ ।

ज) दाना उद्योगमा स्थानीय कृषि उत्पादन प्रयोग गर्न प्रोत्सहान गरिनेछ । दाना उद्योगी तथा कृषि उत्पादक किसानबीच सम्झौता गरी किसानले उत्पादन गर्ने बाली लक्ष्य निर्धारण गरी उत्पादनमा प्रेरित गरिनेछ । सम्भावनाका आधारमा यस्ता कृयाकलापमा कृषकलाई नगरपालिकाबाट कृषकले बीमा कम्पनीमा बुझाउने बीमा शुल्क अनुदान दिईने व्यवस्था मिलाईनेछ ।

झ) सहकारीमा आधारित कृषि उद्योग स्थापनामा प्राथमिकता दिइनेछ । सहकारी मार्फत गरिने बजारीकरण तथा प्रशोधन कार्यमा नगरपालिकाले अनुदानको व्यवस्था गर्नेछ ।

ञ) कृषि उद्योगहरुलाई नगरपालिकाले उठाउने करमा बिशेष सहुलियतको नीति अवलम्बन गर्नेछ ।

ट) बीउ, प्राङ्गारिक मलखाद, जैबिक बिषादीको उत्पादन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन कृषक समूह तथा कृषक सहकारीहरूलाई जिम्मेवार बनाइनेछ । साथै सहकारी तथा समूहमा आधारित बीउ प्रशोधन केन्द्र स्थापना गरिनेछ ।

ठ) बजारमा कृषकले उत्पादन गरेका कृषक उपज पहिचानका लागि कृषकहरूलाई परिचयपत्र वितरणको व्यवस्था मिलाईनेछ ।

ड) बजार सञ्जाल स्थापना गरी क्षेत्रीय तथा राष्ट्रिय बजारमा नगरपालिकाले उत्पादन गरेका कृषि जन्य बाली बस्तुको प्रबर्धन तथा बिस्तार गरिनेछ ।

ढ) बजारमा बिचौलियाले मात्र बढी फाईदा कमाईरहेको गुनासोलाई सम्बोधन गर्नका लागि कृषि उपज उत्पादन गर्ने कृषकहरुलाई समेत बजार व्यवस्थापन तथा संचालन समितिमा संलग्न बनाईनेछ र बैज्ञानिक मूल्य निर्धारण गर्न प्रोत्सहान गरिनेछ । अक्सन मार्केटको अवधारणामा निश्चित बालीको मूल्य तोकिनेछ ।

## ३. कृषिमा आधारित रोजगारीको अवसर बढाउने

क) तरकारी, फलफूल, माछा, च्याउ, पशुपालन, जडीबुटि जस्ता प्राथमिक क्षेत्र तथा उद्योग, भण्डारण, प्रशोधन, बजारीकरण जस्ता उत्पादनोपरान्त क्षेत्रमा युवाको सकृयता बढाउनका लागि युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।

ख) किसान मैत्री आधुनिक प्रविधि प्रयोगमा बिशेष प्राथमिकता दिइनेछ र जनशक्तिलाई यस पेशामा टिकाई राख्न बिशेष खालका कार्यक्रमहरू संचालन गरिनेछ ।

ग) भूमिहीन कृषकको अधिकारलाई सुनिश्चितता प्रदान गर्न करार खेतीको अवधारणा ल्याइनेछ । भूमिहीन कृषकले करार खेती मार्फत कृषि गरेवापत जग्गाधनिलाई तिर्नुपर्ने रकम नगरपालिकाबाट अनुदान सहयोग हुने नीति अवलम्वन गरिनेछ ।

घ) कृषि व्यवसाय तालिम तथा नविनतम प्रबिधि प्रसारको माध्यमबाट कृषकको क्षमता विकास गरी स्वरोजगार प्रदान गरिनेछ । बैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तालिमको व्यवस्था मिलाइनेछ । यस्ता युवालाई तालिम पश्चात कृषि कृयाकलाप गर्न प्रेरित समेत गरिनेछ ।

ङ) आयातीत बस्तुको प्रयोगलाई निरूत्साहित गरिनेछ र चाडपर्वमा बढी प्रयोग हुने कृषि बस्तुको मागलाई नगरभित्रकै उत्पादनबाट पुरा गरिनेछ ।

च) नगर कृषक सञ्जाल गठन गरी नगरको कृषिका अवसर तथा चुनौती बारे छलफल गर्दै रोजगारीका क्षेत्रहरु पहिचान गरिनेछ । यस संजालले नीतिगत सुझाव तथा अनुगमन कार्यमा तिब्रता दिनेछ ।

छ) कृषि पर्यटनको विकास तथा प्रबर्धन गर्न एक घर एक सुन्दर बगैंचा स्थापना गरी बिशेष सांस्कृतिक पहिचान झल्किने समुदायमा घरबास कार्यक्रम संचालन गरिनेछ ।

ज) कृषि बन प्रणालीको सिद्धान्तलाई अंगीकार गर्दै बन तथा घाँसे मैदानहरूमा संभावित कृषि बाली/ बस्तुको माध्यमबाट थप रोजगारी श्रृजना गरिनेछ ।

**४. प्राकृतिक श्रोत, वातावरण, मानब तथा विकाससँगको सम्बन्ध दिगो तथा सुमधुर राख्ने**

क) स्थानीय सम्भावना, तुलनात्मक लाभ, जलवायु अनुकुलन लगायतका आधारमा बाली तथा बस्तुको छनौट गरिनुको साथै आयातित अनुशंशीत बीज/नश्ललाई नियमन गरिनेछ ।

ख) बन, वातावरण तथा मानव जातीको स्वास्थ्यलाई खलल पार्ने खालका बस्तु (जस्तै हानीकारक प्रतिबन्धित बिषादी, यन्त्र उपकरण, नश्ल, झारपात आदि) को प्रयोगलाई नगरभित्र पूर्णरुपमा निषेध गरिनेछ ।

ग) स्थानीय रैथाने कृषि बालीहरुको संरक्षण, विस्तार तथा प्रबिधि विकास साथै स्तरोन्नती गरिनेछ ।

घ) कृषि उत्पादनका ठूला परियोजना (जस्तै कृषि फर्म, उद्योग, प्रशोधन, भण्डार गृह निर्माण, माछा पोखरी, चौपाया, पन्छि पालन) संचालन पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ ।

ङ) स्थानीय कच्चा पदार्थ प्रयोग गरी स्थापना गरीने प्राङ्गारिक मल कारखानालाई बिशेष प्रोत्साहन गरिने नीति अवलम्बन गरिनेछ ।

च) हरियाली प्रवर्धन कार्यमा प्रयोग हुने बिरूवा तथा बनस्पति बहुउपयोगी खालका हुनेछन् ।

छ) नगरको फोहोर मैलालाई बर्गीकरण गरि गल्ने, कुहिने र सड्ने फोहोरलाई मलमा रूपान्तरण गरी घर बगैंचा, कौंसी तथा करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

**५. क्षेत्रीय तथा राष्ट्रिय स्तरमा बिशेष कृषि उत्पादन क्षेत्रको रूपमा नगरपालिकाको पहिचान गराउने ।**

क) सम्भावनाको आधारमा नगरपालिका क्षेत्रभित्र कृषि बस्तुको **बिशेष पहिचान सहितको उत्पादन क्षेत्र** घोषणा गरिनेछ । यस क्षेत्रमा कृषि तथा सिंचाईका पूर्वाधारहरूमा क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गरिनेछ ।

ख) राष्ट्रिय स्तरको मल कारखाना, प्रशोधन केन्द्र, दाना उद्योग, श्रोत केन्द्र आदिको संभाव्यता अध्ययन गरि यस नगरपालिका क्षेत्रभित्र उक्त प्रकृतिका **कृषि जन्य उद्योगको हवको** रूपमा विकास तथा विस्तार गरिनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७५/९/११**

**(कृष्ण प्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**